नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ११७ २०८० साल मंसिर २० गते बुधबार (6 Dec. 2023 Wednesday) मूल्य रु. ५/-

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : एनसेलको शेयर खरिद-बिक्रीपछि ३ पृष्ठमा : समुदाय प्रहरी साझेदारी ... ३ पृष्ठमाविश्व मिडिया शिखर सम्मेलनले...

## राजविराज नगरपालिकाको न्यायिक समितिबाट एक सय १७ वटा मुद्दा फछ्र्यौट



**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

राजविराज नगरपालिकाको न्यायिक समितिले एक वर्षको अवधिमा १ सय १७ वटा मुद्दा फछ्र्यौट गरेको छ ।

विगत एक वर्षदेखि कार्यवाहक नगरप्रमुखको जिम्मेवारी समेत बहन गर्दै आएकी उपप्रमुख इसरत परवीनको नेतृत्वको न्यायिक समितिले आर्थिक वर्ष २०७९/०८० मा परेको तथा जिम्मेवारी सरेर आएको मुद्दा मध्ये १ सय १७ मुद्दाको टुंगो लगाएको हो ।

फछ्र्यौट गरिएका मध्ये सर्वाधिक जग्गा किचलो तथा घरेलु हिंसाको रहेको तथा त्यसपछि महिला हिंसा, लेनदेन, ठगी, शान्ति सुरक्षा, साधसीमाना, कुटपीट, घरायसी लगायतका मुद्दा रहेको न्यायिक समितिकी संयोजक एवं कार्यवाहक नगरप्रमुख परवीनले बताइन् ।

समितिमा जिम्मेवारी सरेर आएको १ सय १७ तथा आ.ब. २०७९/८० मा परेको ६६ गरी कुल १ सय ८३ मुद्दा रहेकोमा १ सय १७ मुद्दाको फछ्र्यौट गरिएको, ६ वटा अदालत पठाइएको तथा ६० वटा फछ्र्यौट प्रक्रियामा रहेको न्यायिक समिति मुद्दा फाँटका प्रमुख रामचन्द्र दासले जानकारी दिए ।

यस्तै चालु आ.ब. २०८०/८१ को हाल सम्मको अवधीमा न्यायिक समितिमा थप २३ वटा मुद्दा दर्ता भएको छ । आ.ब. २०८०/०८१ मा सरेर आएको ६० र नयाँ दर्ता भएको २३ गरी कुल ८३ वटा मुद्दा फछ्र्यौट प्रक्रियामा लगीसकेको समेत उनले जानकारी दिए ।

समितीमा परेको अधिकाँश मुद्दा स्थलगत रुपमा गएर तथा पक्ष विपक्षलाइ कार्यालयमा बोलाएर पनि छलफलको माध्यमबाट छिनोफानो गरिएको कार्यवाहक नगरप्रमुख एवं न्यायिक समितीका संयोजक परवीनको भनाई छ ।

आफ्नो प्रयासबाट निरुपण नभएका ६ वटा मुद्दा अदालत पठाइएको उनले जानकारी दिदै कतिपय ऐन कानुनका नजानेका कुरा नगरपालिका कै कानुन व्यवसायीसंगै सल्लाह लिने गरेपछि मुद्दा टुंग्याउन सजिलो भएको बताइन ।

उनकै संयोजकत्वमा गठित तीन सदस्यीय न्यायिक समितीमा नगरपालिकाको वोर्डले मनोनित गरेको वडाध्यक्षबाट उदित नारायण यादव र वडा सदस्यबाट जीवछी देवी मंडल सदस्य छन् । यस्तै समितिको न्याय सम्पादन कार्यमा वरिष्ठ अधिवक्ता शिव कुमार चौधरी र रमेश साफीले सघाउने गरेको उनले बताइन् ।

नगरप्रमुख भीमराज यादव माथी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक निर्माण कार्यमा आर्थिक अनियमितता गरेको आरोपमा विषेश अदालतमा आरोपपत्र दायर गरेपछि उनी हाल निलम्बित अवस्थामा छन् । जसकारण उपप्रमुख परवीनको मुख्य जिम्मेवारीमा रहेको न्यायिक समिति संगै कार्यवाहक नगर प्रमुखको जिम्मेवारी समेत थपिएको छ । दुबै जिम्मेवारीलाई आफ्नो क्षमताले भ्याए सम्म पुरा गरिरहेको उनको भनाई छ ।

## टिकटक प्रतिबन्धसम्बन्धी रिट 'हेर्न नभ्याउने'मा

काठमाडौँ, १९ मङ्सिर (रासस) ।

टिकटकमाथि प्रतिबन्ध लगाउने सरकारको निर्णयविरुद्ध परेको सर्वोच्च अदालतमा परेको रिट निवेदनमा मंगलबार पेसी तोकिएको भए पनि सुनुवाइ नहुने भएको छ । न्यायाधीशद्वय सुस्मालता माथेमा र विनोद शर्माको इजलासमा पेसी तोकिएको भए पनि उक्त मुद्दा 'हेर्न नभ्याउने' सूचीमा परेको हो ।

न्यायाधीश विनोद शर्माको एकल इजलासले यही मङ्सिर ५ गते प्रारम्भिक सुनुवाइ गर्दै दश दिनभित्र कारण देखाउ आदेश जारी आजका लागि पेसी तोकेको थियो । अदालतले उक्त विवादमा यही मङ्सिर १५ गतेभित्र लिखित जवाफ माग गरी यही मङ्सिर १९ गते सुनुवाइका लागि पेसी तोक्ने आदेश गरेको थियो ।

टिकटक प्रतिबन्धको विरोधमा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीसहित १४ जनाले छुट्टाछुट्टै रिट निवेदन दायर गर्नुभएको थियो । सरकारले गत कात्तिक २७ गते सामाजिक सद्भावमा खलल पुगेको उल्लेख गर्दै टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको थियो ।

## दर्ताका लागि टिकटकद्धारा पत्राचार

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ मंसिर ।**

टिकटक दर्ताका लागि नेपालमा टिकटकले पत्राचार गरेको छ । नेपाल सरकारले टिकटकलाई प्रतिबन्ध लगाएपछि औपचारिक रुपमै दर्ता हुन टिकटकले इमेल गरेको हो ।

सरकारले सरकारले सामाजिक सञ्जालको प्रयोगलाई नियमन गर्ने निर्देशिका २०८० जारी गरेपछि नेपालमा दर्ता प्रक्रियामा अनुसार टिकटकले इमेल गरेको सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले जानकारी दिए ।

उनले भने, 'हामीले सामाजिक सञ्जालहरुलाई दर्ता प्रक्रियामा आउन भनेपछि टिकटकले पनि इमेल गरेको छ । तर, सरकारले नै बन्द गरेको टिकटक दर्ता हुने कुरा भएन ।'हाल टिकटक बन्दको विरुद्धमा अदालतमा मुद्दा विचारधीन रहेको छ ।

## सप्तरी युथद्धारा महोत्सवको आयव्यय सार्वजनिक प्रतिष्ठान निर्माणका लागि हस्ताक्षर अभियान चलाउने




**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

सप्तरी युथ नेपालले सप्तरी महोत्सवको आयव्यय मंगलबार सार्वजनिक गरेको छ। पत्रकार सम्मेलनको आयोजना गरि आयव्यय सार्वजनिकका साथै सप्तरी युथले रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माणका लागि हस्ताक्षर अभियान समेत संचालन गर्ने जनाएको छ ।

गत कात्तिक १२ गतेदेखी कात्तिक २५ गतेसम्म आयोजना गरेको सप्तरी महोत्सवमा कुल १ लाख १८ हजार ८ सय रुँपैया बचत भएको जनाइएको छ ।

आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक आय-व्यय विवरण अनुसार महोत्सव संचालनका लागि २५ लाख ५२ हजार ५० रुँपैया संकलन भएको मध्येबाट ३४ लाख ३३ हजार २ सय ५० रुँपैया खर्च भएको युथ नेपालका कार्यवाहक अध्यक्ष मोहनकुमार यादवले जानकारी दिए ।

उनका अनुसार टिकट बिक्रि वापत सर्वाधिक २१ लाख २ हजार ५० रुँपैया, मनोरन्जनका साधनहरुबाट ९ लाख ५ हजार, स्टलहरुबाट २ लाख ५० हजार तथा अन्य रकम विभिन्न प्रायोजक र विज्ञापनबाट संकलन भएको छ ।

महोत्सवका लागि सबैभन्दा बढी महोत्सवमा आयोजित साँस्कृति कार्यक्रमका कलाकारहरुमा खर्च भएको जनाउँदै उनले साँस्कृतिक कार्यक्रममा सहभागि हुन आएका कलाकारहरुको पारिश्रमिक, वासआवास, खाना, लज भाडा, गाडी भाडा लगायतको कार्यमा १४ लाख ५० हजार खर्च भएको बताए ।

*बाँकी तीन पृष्ठमा*

**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अवैद्य मदिरा पसल खुल्दै

सप्तरीको विभिन्न ग्रामिण भेगहरुमा विगतको भन्दा अहिले अवैद्य मदिरा पसलको संख्यामा बृद्धि भइरहेको छ। सुर्य अस्त नेपाल मस्त भन्ने उखान झै अहिले जिल्लाको विभिन्न स्थानमा बढ्दै गएको अवैध मदिरा पसलका कारण साँझ पर्ने बितिकै मदिरा सेवनकर्ताहरुको भिड लागेको देखिन्छ। अवैध मदिरा पसल संचालनका कारण बेलुका हुने बितिकै विभिन्न चौकहरुमा समेत मदिरा सेवन गरी हो हल्लाह हुने गरेका घटनाहरु सार्वजनिक भएको छ।

धुम्रपान, मध्यपान स्वास्थ्यको लागि हानिकारक रहेपनि अहिले जिल्लाको विभिन्न स्थानमा मदिरा सेवन गर्ने खासगरी युवाहरुको संख्यामा ह्वातै बृद्धि भएको छ। अहिले सबैभन्दा बढी फस्टाएको ब्यापारको रुपमा मदिरा पसललाई नै मानिन्छ, मदिरा पसल गर्ने ब्यापारीहरु मदिरा बिक्रि वितरण गरेर दिनहुँ राम्रो आम्दानी गर्ने गरेपनि त्यसबाट भविष्यका कर्णाधार युवाहरुको भविष्य अन्धकारतर्फ गईरहेका छन्।

तसर्थ अवैध मदिरा पसलहरुको समयमै पहिचान गरी अवैध मदिरा पसलहरुलाई अबिलम्ब बन्द गर्ने तर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान जानुका साथै भविष्यका कर्णाधार युवाहरुलाई मदिरा सेवनको कुलतबाट मुक्त गराउँनका लागि सबै सरोकारबालाहरुको ध्यान जानु आवश्यक रहेको छ।

# एनसेलको शेयर खरिद-बिक्रीपछि उब्जिएका प्रश्न

काठमाडौँ, १९ मङ्सिर (रासस)।

दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल आजियटा लिमिटेडको शेयर कारोबार विवादमा परेको छ। मलेसियन कम्पनी ‘आजियटा ग्रुप बर्हाड’ले गत एनसेलको ८० प्रतिशत शेयर स्वामित्व अर्को कम्पनी ‘स्पेक्ट्रलाइट युके लिमिटेड’लाई बेच्ने निर्णय गरेपछि यो व्यावसायिक कारोबारको कानुनी प्रक्रियाको वैधता र आर्थिक पादर्शितामाथि गम्भीर प्रश्न उब्जिएका छन्।

नागरिकस्तरदेखि संसदीय समितिसम्ममा यो विषयले प्रवेश पाएको छ। यो कारोबारको वास्तविकता खोजेर जानकारी गराउन सरकार र मातहतका निकायमाथि चर्को दबाब छ। यही सन्दर्भमा एनसेल शेयर खरिद-बिक्रीपछि उब्जिएका मूलभूत प्रश्नलाई राससले केलाएको छ।

**नियामकलाई किन जानकारी भएन ?**

एनसेलको शेयर खरिद-बिक्री हुँदा सम्बन्धित क्षेत्रका नियामक निकायलाई जानकारी भएको देखिँदैन। एनसेलको शेयर स्वामित्व खरिद-बिक्री नेपालको विद्यमान कानून र प्रक्रियाअनुसार भए वा नभएको विषयमा अध्ययन गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सोमबार सम्बन्धित निकायलाई निर्देशन दिइसक्नुभएको छ।

यो व्यावसायिक सम्झौताबाट नेपालको दूरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने असर तथा सरकारको राजस्वलगायत विषयमा पर्ने प्रभावबारे शीघ्र अध्ययन गर्न पनि प्रधानमन्त्री दाहालको निर्देशन छ। नेपाल दूरसञ्चार प्राधिकरण, आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभागलगायतका निकायहरू यो व्यवसायिक कारोबारबाट अनविज्ञ रहेको प्रधानमन्त्रीको यो निर्देशनबाट पुष्टि हुन्छ।

अर्थमन्त्री डा प्रकाशशरण महतले मङ्गलबार चितवनमा सञ्चारकर्मीसँग कुरा गर्दै एनसेलको शेयर खरिद-बिक्रीका विषयमा अहिलेसम्म सरकारलाई जानकारी नभएको बताइसक्नुभएको छ। “हामी सूचना लिइरहेका छौँ, ठूलो किनबेच गर्दा अनुमति लिनुपर्ने व्यवस्था छ। यसबारे नियामक दूरसञ्चार प्राधिकरणसँग जानकारी मागिएको छ”, अर्थमन्त्री डा महतले भन्नुभयो।

नियामक निकायलाई समेत जानकारी नहुने गरी मुलुकबाहिरबाट शेयर खरिद-बिक्री भएको भन्दै सार्वजनिक लेखा समितिले पनि सम्बन्धित निकायमार्फत यस विषयमा जवाफ मागेको छ। साथै, बुधबारका लागि सार्वजनिक लेखा समितिले एनसेलको शेयर खरिद-बिक्री सम्बन्धमा प्रारम्भिक छलफलका लागि बैठक बोलाएको छ। यसरी राज्यका निकायलाईसमेत जानकारी नहुने गरी मुलुक बाहिरबाट शेयर खरिद-बिक्री भए भन्दै यो व्यवसायिक कारोबारको कानूनी प्रक्रिया र आर्थिक पादर्शितामाथि प्रश्न उठेका छन्।

“नेपालको कर प्रणाली छलेर भएको शेयर खरिद-बिक्री वा हक हस्तान्तरण नेपालका नियमनकारी संस्थालाई जानकारी नै नदिइकन भएको भन्ने सुनिन आएकाले यो खरिद-बिक्रीको प्रक्रिया र पारदर्शितामाथि सम्बन्धित नियमनकारी निकायको के भनाइ छ ?”, सार्वजनिक लेखा समितिले आइतबार आन्तरिक राजस्व विभाग, दूरसञ्चार प्राधिकरण र कम्पनी रजिष्ट्रारको कार्यालयलाई पठाइएको पत्रमा भनिएको छ, “छ वर्षपछि कानून बमोजिम नै नेपाल सरकारको स्वामित्वमा आउने सुनिश्चित हुँदाहुँदै सोलाई समेत असर पर्न सक्ने गरी भएको अहिलेको कारोबारलाई अनुमति वा स्वीकृति प्रदान गर्ने, नगर्ने सम्बन्धमा नियमनकारी निकायको भनाइ के रहेको छ ? यदि नेपालको नियमनकारी निकायले अनुमति नदिएको अवस्थामा सो कारोबारको वैधानिकता के हुन्छ ?”

**के शेयर खरिद-बिक्री विद्यमान विधि र प्रक्रियाभित्र छ ?**

एनसेलको शेयर खरिद-बिक्री नेपालको विद्यमान विधि, कानून र प्रक्रियाभित्र रहेर भएको छ वा छैन ? भन्ने अर्को महत्वपूर्ण प्रश्न हो। नेपालको ऐन कानून अनुसार भएको छ कि छैन भन्नेमा पनि नियामकहरूले हालसम्म कुनै औपचारिक जानकारी सार्वजनिक गरेका छैनन्।

दूरसञ्चार नियमावली, २०५४ को नियम १५ (ट) बमोजिम चुक्ता पुँजीको पाँचभन्दा बढी प्रतिशत शेयर खरिद-बिक्री गर्नुअघि नेपाल दुरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था छ। त्यस्तै, नेपाल दूरसञ्चार प्राधिकरण विनियमावली, २०७६ को विनियम ४ (क) मा शेयरधनीको शेयर खरिद-बिक्री वा नामसारी गर्नु पूर्व प्राधिकरणको अनुमति वा स्वीकृति प्राप्त गर्नुपर्ने कानूनी प्रावधान छ। आजियटाले यो प्रक्रिया पूरा गरे/नगरेको बारे प्राधिकरणले कुनै स्पष्ट जानकारी बाहिर ल्याएको छैन।

अर्कोतर्फ, यो व्यावसायिक सम्झौतामा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा १९ आकर्षित हुनसक्ने भएकाले सोहिअनुसार आजियटा अघि बढेको बुझ्न सकिन्छ। ऐनको उक्त दफाले ‘विदेशी लगानीबाट नेपालमा सिर्जित सम्पत्ति, जायजेथा वा अन्य कुनै प्रकारको वित्तीय उपकरणको नेपाल भित्र वा बाहिर शेयर बिक्री वा हक हस्तान्तरण वा अन्य कुनै प्रकारको स्वामित्व वा निहित स्वामित्वको संरचना परिवर्तन भएमा सम्बन्धित कम्पनीले कारोबार भएको तीस दिनभित्र तत्सम्बन्धी प्रमाण कागजातसहित सोको जानकारी त्यस्तो लगानी गर्न अनुमति दिने निकायमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ।

लामो समयदेखि करछलीको विवादमा अदालती प्रक्रिया भोगिरहेको एनसेल कम्पनीमा फेरि करछलीको नियतबाट शेयर कारोबार भएको हुनसक्ने विषयमा पनि आशङ्का उब्जिएका छन्। विदेशमा कारोबार हुनु, न्यून रकममा शेयर खरिदबिक्री हुनु, शेयर खरिद गरेका व्यक्ति र संस्थाको शंकास्पद आबद्धतालगायत कारण यस्ता आंशका देखिएका हुन्।

**अब एनसेलको दायित्व के हुन्छ ?**

एनसेलको कर छलीसँग सम्बन्धित मुद्दा सर्वोच्च अदालतमा चलिरहेको छ। आयकर ऐन २०५२ को दफा ५७ र दफा ९५ मा टेकेर ठूला करदाता कार्यालयले एनसेलविरुद्ध मुद्दा दायर गरेको छ। मङ्गलबारका लागि तोकिएको यो मुद्दाको पेसी सरेर आगामी फागुन १५ गतेका लागि तय भएको सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेले जानकारी दिनुभयो। करिब रु ५७ अर्ब बराबर कर असुली मागसहित यो मुद्दा दायर भएको देखिन्छ। यसअघिका मुद्दा हारेको एनसेलले यो मुद्दा पनि हार्ने अवस्था भएमा त्यसको दायित्व कसरी बेहोर्छ भने प्रश्न पनि उठिरहेका छन्। त्यस्तै, एनसेलमार्फत कर असुली गर्नुपर्ने भनी यसअघि भएका अदालतका आदेशअनुसार एनसेलले कर बुझाएको छैन। अदालती प्रक्रियामा रहेको करसँग सम्बन्धित मुद्दा र यसअघिको फैसलाबमोजिम सरकारले पाउनुपर्ने कर को-मार्फत कसरी प्राप्त हुन्छ भन्नेमा पनि अन्यौलता देखिन्छ।

“टेलिया सोनेराले आजियटालाई एनसेल बिक्री गर्दा निर्धारण गरेको र आजियटाले कबोल गरेको पुँजीगत लाभकर पूर्णरूपमा भुक्तानी गरेको छैन। ठूला करदाता कार्यालयले थप निर्धारण गरेको कर बक्यौता कति

*बाँकी तीन पृष्ठमा*

## पाँच आयोजना अलपत्र पार्ने ठेकेदार कालोसूचीमा

काठमाडौँ, १९ मङ्सिर (रासस)।

विभिन्न पाँच वटा निकाय अन्तर्गतका काम अलपत्र पार्ने निर्माण व्यवसायी र आपूर्तिकर्ता कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ। खरिद अनुगमन कार्यालयले मंगलबार एक सूचना जारी गर्दै ती कम्पनीलाई कालोसूचीमा राखेको जनाएको हो।

कार्यालयका अनुसार सडक विभागअन्तर्गत पुष्पलाल (मध्यपहाडी) राजमार्गको काम अलपत्र पार्ने काठमाडौँ पुतली सडकमा कार्यालय रहेको भारत कन्स्ट्रक्सन/मैनाचुली/सिद्धिसाई जेभीलाई तीन वर्षका लागि कालोसूचीमा राखिएको छ।

त्यस्तै, पुष्पलाल राजमार्ग आयोजना निर्देशनालयको फिदिम कार्यालयअन्तर्गत पर्ने मैनाचुली-सिद्धिसाई जेभीलाई दुई वर्षका लागि कालोसूचीमा राखिएको छ। झापाको कमल गाउँपालिकाको सिफारिसमा शेर्पा-हेना-सुनामी जेभीलाई एक वर्षको लागि कालोसूचीमा राखिएको कार्यालयले जनाएको छ।

त्यस्तै, धादिङको धुनीबेँसी नगरपालिकाको सिफारिसमा कास्र्याङ कन्स्ट्रक्सन एन्ड सप्लायर्सलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ। जुम्लाको चन्दनाथ नगरपालिकाको काम अलपत्र पार्ने इजोन निर्माण सेवा पनि एक वर्षका लागि कालोसूचीमा परेको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**

# समुदाय प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी

काठमाडौं, १९ मङ्सिर (रासस)। प्रहरी प्रधान कार्यालयले समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी देखिएको बताएको छ। समाजमा शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका लागि सञ्चालन भएको उक्त कार्यक्रमको पाँच वर्षको समीक्षा गर्दै प्रहरीले उद्देश्यअनुसार कार्यक्रम प्रभावकारी भएको निष्कर्ष निकालेको छ।

विसं २०७५ कात्तिकबाट सुरु भएको उक्त कार्यक्रमको पाँच वर्षमा देशभर गरेर एक करोड नागरिकलाई सचेतना कार्यक्रममा सहभागी गराइएको केन्द्रीय प्रहरी प्रवक्ता एवम् प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले बताउनुभयो। उहाँका अनुसार सो अवधिमा एक सय वटा शीर्षकमा देशभर एक लाख ८४ हजार पाँच सय ३५ वटा सामुदायिक कार्यक्रम सञ्चालन भएका र यसबाट कूल एक करोड दुई लाख ९८ हजार सात सय चारजना नागरिक प्रत्यक्ष लाभान्वित भएका छन्।

उक्त कार्यक्रमका माध्यमबाट सात सय ५३ वटा स्थानीय तहसँग साझेदारी निर्माण गरी कार्यान्वयन गर्न औपचारिक समझदारी भएको थियो। जसअनुसार वृहत् रूपमा सामुदायिक सुरक्षा संस्थागत गर्न जिल्ला, पालिका, वडा, टोल र विद्यालय तहसम्म कूल २३ हजार नौ सय ९२ साझेदारी समिति गठन भएका छन्।

समुदाय-प्रहरी साझेदारी अवधारणा, २०७५ बमोजिम सामुदायिक सुरक्षा अभिवृद्धि गर्न स्थानीयस्तरमा नेपाल प्रहरी, स्थानीय तह, सरकारी निकाय विद्यमान सामुदायिक प्रहरी तथा सामुदायिक सेवा केन्द्र, विभिन्न क्षेत्रका गैर राजनीतिक सामुदायिक र सामाजिक सङ्घ संस्था, महिला, बालबालिका र युवासम्बन्धी सङ्घ संस्था, माध्यमिक तह (कक्षा १२ सम्म) का विद्यालय, शिक्षासँग सम्बन्धित सङ्घ संस्था र समाजका लब्धप्रतिष्ठित व्यक्तिको सहभागिता हुने गरी समिति गठन गरिएको थियो।

लागुऔषधविरुद्ध जनचेतनामूलक करिब २० हजार कार्यक्रम भएका र त्यसबाट १० लाख ४३ हजारभन्दा बढी मानिसमा सचेतना पुर्‍याइएको छ। महिला हिंसा न्यूनीकरण सम्बन्धमा १३ हजार छ सयभन्दा बढी कार्यक्रमबाट छ लाख ८५ हजारभन्दा बढी नागरिक समक्ष सचेतना पुर्‍याइएको प्रहरीले जनाएको छ। विसं २०३९मा घरदैलो कार्यक्रमबाट सुरूवात भएको साझेदारी अवधारणा नेपाल प्रहरीले विभिन्न समयमा अख्तियार गरेका निर्देशिका, विधान र कार्ययोजना जस्ता सामुदायिक प्रहरी सेवा स्थापनाका आधार र निर्णयबाट समुदाय-प्रहरी साझेदारी कार्यक्रम २०७५ कात्तिक ११ गतेदेखि सुरूवात भएको हो।

सामुदायिक सुरक्षा अभिवृद्धि गर्ने तथा स्थानीयस्तरमा हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै नागरिक र प्रहरीबीचमा सम्बन्ध स्थापित गर्ने यस अवधारणाको उद्देश्य, आवश्यकता र औचित्य पुष्टि भएको प्रहरीले जनाएको छ। अवधारणाअन्तर्गत हाल पाँच सय २८ जना जनशक्ति कार्यरत छन् भने एक सय ८५ वटा सामुदायिक प्रहरी सेवा केन्द्र प्रत्यक्ष खटिएका छन्।

# मुलुकको अर्थतन्त्रले लय समाउन थालेको छ : मन्त्री डा महत

चितवन, १९ मङ्सिर (रासस)। अर्थमन्त्री डा प्रकाशशरण महतले देशको अर्थतन्त्र सुधारको गतिमा रहेको जानकारी दिनुभएको छ। मंगलबार यहाँ पत्रकारसँग कुराकानी गर्दै उहाँले अर्थतन्त्रले लय समाउन थालेको छ भन्नुभयो।

उहाँले भन्नुभयो, "नेपालमा आउने विदेशी पर्यटकको सङ्ख्या र विप्रेषण आप्रवाह (रेमिट्यान्स) बढेको छ। समस्यामा परेका व्यवसायीको समस्या समाधान हुन्छ। अर्थतन्त्र विस्तारै लयमा फर्कन्छ। समग्रमा विदेशी रेमिट्यान्स ३० प्रतिशतले बढेको छ। पर्यटकको चाप बढ्दा पर्यटन व्यवसायी उत्साहित भएका छन्।" उहाँले अर्थतन्त्रमा सुधार आउन अझै केही समय लाग्ने बताउनुभयो।

अर्थतन्त्र सुधारका लागि धेरै नीतिगत निर्णय भएको जनाउँदै उहाँले ती निर्णयबाट भएको लगानीले प्रतिफल दिन समय लाग्दा अर्थतन्त्रमा केही समस्या देखिएको हो भन्नुभयो। भएका निर्णयका आधारमा सहजरूपमा कर्जा प्रवाह हुँदा धेरै कर्जा जग्गामा, सेयरबजार र क्रिप्टोमा पनि भित्रिरूपमा गएको जनाउँदै उहाँले त्यसको प्रतिफल आउन ढिला भएको बताउनुभयो। उहाँले भन्नुभयो, "घरजग्गाको कारोबारमा सुधार हुन लागेको छ।" ऋण लिएर सही ठाउँमा लगानी गर्दा पनि परिणाम पाउन नसकेकाहरूको हकमा ब्याज, समय थपलगायतका विषयमा सरकारले राहतका लागि कोसिस गरिरहेको उहाँको भनाइ छ।

सञ्चारकर्मीको जिज्ञासामा उहाँले एनसेलको सेयर बिक्रीका विषयमा अहिलेसम्म सरकारलाई जानकारी नभएको बताउनुभयो। उहाँले भन्नुभयो, "हामी सूचना लिइरहेका छौँ। यसको नियमन गर्ने निकाय टेलिकम हो। यो ठूलो किनबेच गर्दा अनुमति लिनुपर्ने व्यवस्था छ।" आधिकारिकरूपमा सरकारलाई जानकारी नभएको जनाउँदै उहाँले यसले पार्ने प्रभावका विषयमा टेलिकमका पदाधिकारसँग बुझ्दै गरेको जानकारी दिनुभयो।

फरक प्रसङ्गमा अर्थमन्त्री डा महतले अहिले सरकारले चुरे क्षेत्रको गिट्टी, बालुवा उत्खननका लागि कुनै प्रक्रिया अघि नबढाएको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "अहिले त्यस्तो केही प्रक्रिया अघि बढेको छैन। हल्लामात्रै हो। यद्यपि हामीले प्रस्तावमा चुरेका भनेका छैनौँ त्यो पनि बुझीराख्नुपर्‍यो। हाम्रो खनिजजन्य जति पनि उत्पादन हुने सम्भावना छ, यसमा गिट्टी-ढुङ्गा पनि पर्छ।" यसबाट वातावरणमा नकारात्मक प्रभाव नहुने गरी देशले फाइदा कसरी उठाउन सक्छ भन्ने विषय भएको उहाँले बताउनुभयो। सम्भावनाको अध्ययन गरेर वातावरणलाई क्षति नहुने गरेर यस्तो किसिमको आफ्नो उपभोगका लागि र निर्यात गरेर आम्दानी गर्नका लागि पनि सम्भावना भएको ठाउँमा सम्भावनाको उपभोग गर्नुपर्छ भन्नेमा सरकार रहेको उहाँको भनाइ छ।

### *एनसेलको शेयर...*

हो र आजियटा निक्सिएपछि उक्त दायित्व कसले लिन्छ भन्ने पनि प्रश्न देखिएको छ", राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुमना श्रेष्ठले सोमबार सङ्घीय संसदअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिमा दर्ता गराउनुभएको निवेदनमा भनिएको छ, "आगामी छ वर्षसम्मको मुनाफामा आजियटाकै हक लाग्ने सम्झौता भएको देखिन्छ। यो सम्झौता २५ प्रतिशत पुँजीगत लाभकरको सट्टा पाँच प्रतिशत लाभांश कर तिर्न रचिएको प्रपञ्च त होइन ?"

एनसेलले बहन गर्नुपर्ने अर्को ठूलो आर्थिक दायित्व हो, दूरसञ्चार सेवा सञ्चालन गर्नका लागि पाएको अनुमतिपत्रको नवीकरण दस्तुर। सन् २०२९ सम्मका लागि नेपालले नवीकरण दस्तुरका करिब रु २० अर्ब भुक्तानी गर्नुपर्ने देखिएको तथ्य बाहिर आएका छन्। तर दूरसञ्चार प्राधिकरणले भने यसबारे पनि कुनै धारणा सार्वजनिक गरेको छैन।

बैंक तथा वित्तीय संस्थालाई एनसेलले भुक्तानी गर्नुपर्ने कर्जा कति छ भन्ने पनि यकिन छैन। तर, क्रेडिट रेटिङ कम्पनी इक्रा नेपालका अनुसार एनसेल आजियटा लिमिटेडले २०२२ अगस्तसम्ममा रु २८ अर्ब ६४ करोड ५० लाख बराबर कर्जाका लागि क्रेडिट रेटिङ गराएको छ। एनसेलको कर्जाबारे सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई नै जानकारी हुने र शेयर खरिद-बिक्री त्यस्तो कर्जाका सन्दर्भमा कुनै पनि बैंक वित्तीय संस्थाले नियामक नेपाल राष्ट्र बैंकलाई जानकारी नगराएको नेपाल राष्ट्र बैंकका सहप्रवक्ता डिल्लीराम पोखरेलले बताउनुभयो।

**न्यून रकमको कारोबारका आधार के हुन् ?**

निकै कम रकममा शेयर कारोबार भएको देखिएपछि यो व्यावसायिक सम्झौतामा थप शङ्का गर्ने ठाउँ देखिएका छन्। सन् २०१६ मा तत्कालीन माउ कम्पनी स्विडेनको टेलियासोनेराले एनसेलमा रहेको ८० प्रतिशत शेयर रु एक अर्ब ३६ करोड ५० लाख अमेरिकी डलर अर्थात् रु एक खर्ब ४४ अर्ब ७ करोडमा मलेसियन कम्पनी आजियटालाई बिक्री गरेको थियो। तर अहिले सोही शेयर पाँच करोड अमेरिकी डलर अर्थात् रु साढे छ अर्बमा बिक्री भएको छ। चलिरहेको व्यवसाय किनेको रकमभन्दा ९६ प्रतिशत कम रकममा बेच्नु अस्वाभाविक छ।

**पब्लिक लिमिटेड बनाएर किन शेयर जारी गरिएन ?**

यो कम्पनी 'मेरो मोबाइल'का रूपमा सन् २००४ मा स्थापना भएको थियो। पछि सन् २०१० मा स्वीडेनको कम्पनी टेलिया सोनेरा ग्रुपले किनेपछि 'एनसेल' का रूपमा ब्राण्डिङ भएको हो। सन् २०१६ अप्रिलमा आजियटा ग्रुप बर्हाडले ८० प्रतिशत शेयर खरिद गरेको थियो। एनसेल सन् २०२० अगस्त ३ मा पब्लिक लिमिटेड कम्पनीका रूपमा घोषणा भयो र आफ्नो नाम 'एनसेल आजियटा लिमिटेड' बनाएको थियो। तर हालसम्म पनि सर्वसाधारणका लागि शेयर जारी गरेको छैन। यस विषयमा पनि लेखा समितिले प्रश्न उठाएको छ।

इक्रा नेपालले क्रेडिट रेटिङका क्रममा खुलाएको विवरण हेर्दा एनसेल आजियटा कम्पनीको सञ्चालन आय पछिल्ला वर्षहरूमा निरन्तर घट्दो देखिन्छ। इक्राको विवरणअनुसार कम्पनीले सन् २०१८ मा रु ५९ अर्ब ८१ करोड ७० लाख, सन् २०१९ मा ५५ अर्ब ३९ करोड ८० लाख, सन् २०२० मा रु ४६ अर्ब ८७ करोड ४० लाख र सन् २०२१ मा रु ४० अर्ब ४२ करोड २० लाख बराबर रहेको छ।

आटियटाले भने व्यवसायमा न्यून प्रतिफलको प्रत्याभूति, झन्झटिलो कर प्रशासन, नियमनकारी निकायको असहयोग, लाइसेन्सको म्याद सकिएपछिको अवस्थामा सरकारले स्वामित्व ग्रहण गर्नेलगायतका विषयलाई कारण देखाउँदै स्वामित्व बिक्री गर्ने उल्लेख गरेको छ।

**सेवा प्रवाहमा कस्तो असर पर्छ ?**

एनसेलको स्वामित्व बिक्रीपछि यसको सेवा प्रवाहमा कस्तो असर देखिन्छ भन्ने पनि प्रश्न उठेको छ। सार्वजनिक लेखा समितिले दूरसञ्चार प्राधिकरणलाई काटेको पत्रमा यो व्यावसायिक कारोबारबाट सेवा प्रवाहमा देखिनसक्ने प्रभाववारे जवाफ माग गरिएको छ। त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीले पनि एनसेल खरिदबिक्री सम्झौताबाट नेपालको अन्तरराष्ट्रिय छविमा आँच पुग्ने र भविष्यमा वैदेशिक लगानी निरुत्साहित हुने हुँदा यो व्यवसायिक सम्झौताका क्रममा उठेका प्रश्नको जवाफ खोजिनुपर्ने माग राखेको छ।

### *सप्तरी युथद्वारा ...*

यस्तै स्टेज निर्माण, साउण्ड सिस्टम, विद्युत, स्वमसेवक परिचालन, इन्धन, टेन्ट, प्रचारप्रसार तथा जाजरकोटका भूकम्प पीडितलाई सहयोगमा गरि कुल ३४ लाख ३३ हजार २ सय ५० रुपैया खर्च भएको जनाइएको छ।

यसैगरि सवा दुई वर्षअघि शिलान्यास गरेर पनि निर्माण कार्य अझै सुरु नभएको रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य अविलम्ब सुरु गर्न माग गर्दै दोश्रो चरणमा आन्दोलन कार्यक्रम समेत सार्वजनिक गरेको छ। यसअघि प्रथम चरणमा साताव्यापी आन्दोलन सम्पन्न भएपछि थप दबावका लागि दोश्रो चरणको आन्दोलन घोषणा गरिएको छ।

घोषित दोश्रो चरणको आन्दोलन कार्यक्रम अनुसार प्रतिष्ठान निर्माणका लागि थप दबाव दिन २० मंसिरदेखी २३ मंसिरसम्म जिल्लामा हस्ताक्षर संकलन अभियान चलाइने छ। त्यसबाट पनि सरकारले प्रतिष्ठान निर्माणको कार्य अघि नबढाए तेश्रो चरणमा आन्दोलनका थप सशक्त कार्यक्रमहरु घोषणा गरिने सप्तरी युथ नेपालद्वारा गठित आन्दोलन परिचालन समितिका संयोजक सत्येन्द्र यादवले जानकारी दिए।

## विश्व समाचार

### विश्व मिडिया शिखर सम्मेलनले चीन-अफ्रिका सहयोग गहिरो बनाउँने

आक्रा, १९ मङ्सिर (रासस/सिन्ह्वा)। विश्व मिडिया शिखर सम्मेलनले चीन-अफ्रिका सहयोग गहिरो बनाउँने विश्वास गरिएको छ।

दर्जनौं अफ्रिकी मिडिया प्रतिनिधिबीच जारी विश्व मिडिया शिखर सम्मेलनले चीन-अफ्रिका सहयोगका बारेमा विश्वव्यापी मिडिया आउटलेटहरूको समझदारी बढाउने घानास्थित मिडियाले जनाएका छन्।

शिखर सम्मेलनले अफ्रिकी मिडिया आउटलेटहरूका लागि विश्वभरका आफ्ना समकक्षीसँग अन्तरक्रिया गर्नका लागि महत्त्वपूर्ण प्लेटफर्मको रूपमा काम गरेको न्युज गहका प्रबन्ध निर्देशक रोजर अगानाले बताउँनु भएको छ।

पाँचौं विश्व मिडिया शिखर सम्मेलन आयोजना भएको चिनियाँ शहर ग्वाङ्झाउमा शुक्रबार अवतरण गरेकी अगानाले भन्नुभएको छ, म विश्वसँग घुलमिल हुन तयार छु, विश्वले अफ्रिका र चीनको वास्तविकता थाहा पाउन् आवश्यक छ र उनीहरूले कसरी दुवै देशका जनताहरूलाई फाइदा पुर्या उन सहयोग गरिरहेका छन्।"

विभिन्न पक्षहरूमा चीन-अफ्रिका सहयोगले सम्पूर्ण विश्वका लागि राम्रो उदाहरण प्रस्तुत गरेको छ। उहाँले चीन मैत्रीपूर्ण सहयोगका लागि सधैं तयार रहेको बताउँनु भएको छ। अगानाले चीनद्वारा प्रस्तावित बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) बाट अफ्रिकाले व्यापार प्रवर्द्धन गर्न र त्यहाँको पूर्वाधारको विकासमा भूमिका खेल्न ठूलो फाइदा पुगेको धारणा राख्नु भएको छ।

बीआरआई प्रशंसनीय परियोजना भएको र यसले यसले सडक, रेलवे, बन्दरगाह र विमानस्थलहरू निर्माण गर्न मद्दत गरिरहेको र अफ्रिका महाद्वीपमा व्यापार सहजीकरणका लागि पूर्वाधार मेरुदण्ड बनेको उहाँले बताउनु भएको छ।

### रुसले क्रिमिया, अजोभ सागरमा ३५ ड्रोनलाई निष्प्रभावी बनायो

मस्को, १९ मङ्सिर (रासस/एएफपी)। रुसले मङ्गलबार ३५ वटा युक्रेनी ड्रोन क्राइमियन प्रायद्वीप र अजोभ सागरमा निष्क्रिय बनाएको जनाएको छ।

"हवाई ड्रोनद्वारा आतङ्कवादी हमला गर्ने कीभ शासनको प्रयास हिजो राति विफल पारियो," रुसी रक्षा मन्त्रालयले विज्ञप्ति जारी गर्दै उल्लेख गरेको छ।

मान्त्रालयले २२ युक्रेनी ड्रोनहरू ध्वस्त पारिएको र अन्य १३ वटा ड्रोनलाइ समुद्रमा रोकिएको बताएको छ।

### बेलायतमा अन्तरराष्ट्रिय विद्यार्थीलाई परिवार ल्याउँन सकस

लन्डन, १९ मङ्सिर (रासस/एएनआई)। बेलायतका प्रधानमन्त्री ऋषि सुनकले सोमबार देशमा बढ्दो अध्यागमनलाई रोक्न नयाँ कदम चालिएको घोषणा गर्नु भएको छ। प्रधानमन्त्री सुनकको ती नयाँ कदमहरूलाई अध्यागमन दर घटाउने सरकारको 'कट्टरपन्थी कार्य' को रूपमा वर्णन गर्दै बेलायतलाई फाइदा पुऱ्याउने सुनिश्चित रहेको निष्कर्ष निकालिएको छ।

नयाँ उपायहरूको शृङ्खलाको रूपमा सरकारले अन्तरराष्ट्रिय विद्यार्थीहरूले जबसम्म स्नातकोत्तर अनुसन्धान पुरा गर्दैनन् तबसम्म उनीहरूको परिवारलाई बेलायतमा ल्याउनबाट रोक लगाइने छ। साथै यो कदमबाट दक्ष विदेशी कामदारले देशमा काम गर्न भिसा थप्न चाहे न्यूनतम पारिश्रमिक बढाउनु पर्ने बाध्यता सृजना हुने छ।

प्रधानमन्त्री सुनकले भन्नुभयो, "अध्यागमन धेरै उच्च छ। आज हामी यसलाई घटाउन कट्टरपन्थी बनेर कारबाही गरिरहेका छौं। यी कदमहरूले बेलायतलाई फाइदा पुर्याउउने कुराको सुनिश्चित गर्नेछ।"

यस नयाँ प्रावधान अन्तर्गत स्नातकोत्तर अनुसन्धान डिग्रीमा नपुगेसम्म विदेशी विद्यार्थीलाई आफ्नो परिवारलाई बेलायतमा ल्याउन प्रतिबन्ध लगाउनेछ।

बेलायतमा कुल माइग्रेसन गत वर्ष उच्चस्तरमा पुगेको आधिकारिक तथ्याङ्कले देखाएको छ। यसले बेलायत सरकारलाई दबाब थपेपछि यस मुद्दालाई राजनीतिक विषय बनाइएको सीएनएनले उल्लेख गरेको छ।

बेलायतमा सन् २०२२ मा छ लाख छ हजार मानिसको बसाइसराइ भएको राष्ट्रिय तथ्याङ्कको कार्यालय (ओएनएस)ले जनाएको छ। त्यसैगरी १२ लाख मानिस बेलायत प्रवेश गरेका छन् भने, झन्डै आधा सङ्ख्याले देश छोडेर गएका छन्।

सीएनएनका अनुसार कन्जरभेटिभ सरकारहरूले बेलायतमा सर्ने मानिसहरूको सङ्ख्यामा ठूलो मात्रामा कमी ल्याउने वाचा गरे तापनि सहजरूपमा त्यसो हुन सकेको छैन। विशेष गरी ब्रेक्सिटको परिप्रेक्ष्यमा हेर्दा यसका समर्थकहरूले सिमानाहरू "नियन्त्रण" गर्न बेलायतलाई आवश्यक कदमको रूपमा यो पछिल्लो कदमलाई लिएका छन्।

बेलायत आइपुगेका अधिकांश मानिसहरू नौ लाख २५ हजार गैर-ईयु नागरिक रहेको र तीमध्ये १२ जनामा एक जना शरण खोज्ने रहेको तथ्याङ्ले देखाएको छ। गैर-ईयु देशहरूबाट बेलायत बसाइ सर्नेहरूमा कामको खोजी, अध्ययन र मानवीय उद्देश्य प्रमुख रहेको ओएनएसमा अन्तरराष्ट्रिय आप्रवासन केन्द्रका निर्देशक जे लिन्डोपले उल्लेख गर्नु भएको छ।

यसैगरी गत वर्ष बेलायतको अध्यागमन तथ्याङ्कका अनुसार सबैभन्दा धेरै भारतीय नागरिक बेलायतमा अध्ययन, कामको खोजी र पर्यटन भिसा बोकेर प्रवेश गरेका थिए।

जुन २०२२ को अन्त्यमा दुई लाख ५८ हजारभन्दा बढी भारतीय नागरिकले भ्रमण भिसा प्राप्त गरेका छन् जुन अघिल्लो वर्षको तुलनामा ६३० प्रतिशतले बढी हो।

# सञ्चार क्षेत्रका महत्वपूर्ण कामहरु अगाडि बढाउन कानून संशोधन एवं परिमार्जन आवश्यक



**दैनिक समाचारदाता जनकपुरधाम, १९ मंसिर ।**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री मो. समिमले सञ्चार क्षेत्रका महत्वपूर्ण कामहरु अगाडि बढाउन कानून संशोधन एवम् परिमार्जन आवश्यक रहेको बताएका छन् ।

आमसञ्चार प्राधिकरणले मङ्गलबार मन्त्रालयमा आयोजना गरेको कानूनी जटिलता सम्बन्धी सरोकारवालाहरुसँग राय तथा छलफल कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

मधेश प्रदेश सरकारका प्रवक्ता समेत रहेका उनले काम गर्न चाहने निकाय तथा पदाधिकारीलाई आफुले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

आमसञ्चार प्राधिकरण जनकपुरधामले मिडिया र मिडियाकर्मीहरुको हकहित तथा प्रवर्द्धनका लागि गर्दैआएका प्रयासहरु प्रशंसनीय रहेको भन्दै मन्त्री समिमले कानून संशोधनका साथै आवश्यक बजेट समेत व्यस्थापन गर्न आफु प्रतिवद्ध रहेको बताए ।

प्रहरी र  कर्मचारी समायोजनमा ढिलाई भइरहेकोप्रति चिन्ता व्यक्त गर्दै उनले अबको निर्णायक सङ्घर्षमा मिडियाहरुको सकारात्मक भूमिका हुनुपर्नेमा जोड दिए ।

मधेश प्रदेश सरकारका सल्लाहकार सीताराम अग्रहरीले मधेश प्रदेशमा स्थापना गरिएका निकायहरुको कामकार्वाहीको विषयमा प्रभावकारी अनुगमन तथा समिक्षा हुनुपर्नेमा जोड दिए ।

गृह, सञ्चार तथा कानून मन्त्रालयका निमित सचिव उत्तम खरेलले आवश्यक गृहकार्य गरी कानून संशोधन प्रक्रिया अगाडि बढाइने बताए । मधेश प्रदेश सभाका कानून उपसचिव अरुण कुमार झाले सञ्चार ऐनलाई संशोधन गरी आमसञ्चार प्राधिकरणलाई अधिकार सम्पन्न बनाएर एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन लगायतका सञ्चारमाध्यमहरुको दर्ता, अनुमतिपत्र, लाइसेन्स दिने लगायतका कामहरु अगाडि बढाउनुपर्ने सुझाव दिए ।

आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले कानूनी जटिलता, बजेट अभाव, कर्मचारी अभाव पूर्ती हुननसक्दा झेल्नुपरेको समस्याहरुबारे अवगत गराए । उनले भने 'हामी काम गर्न चाहन्छौ, त्यसैले बाधा व्यवधानको पोको फुकाइदिनु हुन अनुरोध छ, कर्मचारी अभावमा पनि आफैले खट्ने गरेको छु, त्यसैले अन्य निकायहरु भन्दा आमसञ्चार प्राधिकरणले अनुभूति हुने गरी कामहरु अगाडि बढेका छन् ।'

मधेश प्रदेश लोककल्याणकारी विज्ञापन सम्बन्धी कार्यविधि २०७९ र मधेश प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बीमा सम्बन्धी कार्यविधि पारित भई लोककल्याणकारी विज्ञापन र बीमा कार्यक्रमले निरन्तरता पाएको अध्यक्ष यादवले बताए ।

उनका अनुसार मधेश प्रदेशका मिडियाहरुले दुई वर्षदेखि लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको तथा यो वर्ष पनि निरन्तरता दिन सूचना जारी गरेको तथा एक सय दश जना पत्रकार महिलाहरुको बीमा गरेको, बजेट प्राप्त भए यो वर्ष सम्पूर्ण पत्रकारको एक लाखको स्वास्थ्य र सात लाखको दुर्घटना बीमा गर्ने लक्ष्य रहेको छ ।

मधेश प्रदेशमै अनलाइन मिडिया दर्ता एवम् नवीकरण हुँदै आएकोमा हालसम्म २६ वटा अनलाइन मिडिया दर्ता भएको, बाटो पत्रकारिताको नामक एकीकृत प्रशिक्षण श्रोत पुस्तक प्रकाशन, अनलाइन पत्रकारिता, श्रब्यदृष्य, छायाङ्कन तथा सम्पादन तालिम, कृषि पत्रकारिता सम्बन्धी अभिमुखिकरण, सामुदायिक रेडियोहरुको सबलीकरण एवम् सुदृढिकरणबारे अभिमुखिकरण, पत्रकार महिलाहरुका लागि साइबर सुरक्षा तथा आत्मरक्षा सम्बन्धी प्रशिक्षण, मधेशका विषयवस्तुमा समाचारहरुको विषयमा रासस र गोरखापत्रका कार्यकारी अध्यक्ष, प्रधान सम्पादकसँग समाचारको विषयमा मधेश प्रदेशका समाचारदाताहरुको समन्वय एवम् अभिमुखिकरण लगायतका कार्यक्रमहरु आयोजना गरेको उनले बताए ।

पत्रकारितामा स्नातक र स्नातकोत्तर अध्ययनका लागि छात्रवृत्ति दिई मधेशको पत्रकारिता क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले पत्रकारिता अध्ययन छात्रवृति सम्बन्धी कार्यविधि, निर्माण, पत्रकारिता प्रशिक्षण केन्द्रबारे गृहकार्य, प्रेस प्रतिनिधि परिचयपत्र, अनलाइन मिडियालाई समेत लोककल्याणकारी विज्ञापन उपलब्ध गराउनका लागि मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि २०७९ लाई संशोधन प्रक्रिया अगाडि बढाईएको अध्यक्ष यादवले जानकारी दिए ।

कार्यक्रममा मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास, प्राधिकरणका सदस्य प्रतिमा चौधरी, प्रशासकीय प्रमुख उपेन्द्र कुमार सिंह, कानून अधिकृत संदिप कुमार सिंह लगायतले सुझाव राखेका थिए ।

# ६१ करोड रुपैयाँभन्दा बढी राजस्व रकम हिनामिना गरी फरार रहेका अभियुक्तमध्ये पाँचजना पक्राउ

**दैनिक समाचारदाता राजविराज, १९ मंसिर ।**

यातायात व्यवस्था कार्यालय इटहरीको ६१ करोड रुपैयाँभन्दा बढी राजस्व रकम हिनामिना गरी फरार रहेका अभियुक्तमध्ये पाँचजना पक्राउ परेका छन् । यो मुद्दामा विशेष अदालतले नौजनालाई दोषी ठहर गरेको थियो ।

विशेष अदालतको २०७९ साल चैत ८ गतेको फैसलाबाट भ्रष्टाचार राजस्व रकम हिनामिना कसुरमा उनीहरू दोषी ठहर भएका थिए । फरार प्रतिवादीलाई प्रहरीले सोमबार हिजो पक्राउ गरेको हो । उनीहरूलाई अदालतमा पेस गरिएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता एवं डीएसपी रन्जनकुमार दाहालले जानकारी दिए ।

पक्राउ परेका टीकाराम अधिकारीलाई मोरङ जिल्ला अदालतले राजस्व रकम हिनामिना कसुरमा नौ वर्ष कैद र २८ करोड १५ लाख ९३ हजार ८८४ रुपैयाँ जरिवाना गरेको थियो ।

यस्तै, देवराज नेपाललाई आठ वर्ष ६ महिना कैद र २२ करोड ४५ लाख २७ हजार ६७६ रुपैयाँ जरिवाना गरिएको थियो । नयराज नेपाललाई आठ वर्ष कैद र १२ करोड ३५ लाख २९ हजार ३४२ रुपैयाँ जरिवाना गरिएको थियो ।

मणिराज दाहाललाई सात वर्ष ११ महिना २३ दिन कैद र चार करोड ३४ लाख पाँच हजार ५९४ रुपैयाँ जरिवाना गरिएको थियो । कुमारबहादुर कटुवाललाई ६ वर्ष कैद र एक करोड एक लाख ६५ हजार ८१२ रुपैयाँ जरिवाना गरिएको थियो ।

विशेष अदालतले राजस्व हिनामिनासम्बन्धी भ्रष्टाचार मुद्दामा तत्कालीन उपसचिवहरू विष्णुप्रसाद पौडेल, नयराज नेपाल, रमेशप्रसाद दाहाल र होमनाथ भट्टराईलाई कैद सजाय तोकेको थियो । कार्यालयका लेखा अधिकृतहरू कुमार कटवाल र टीकाराम अधिकारी पनि दोषी ठहर भएका थिए ।

यसबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दुई मुद्दा दायर गरेको थियो । ०७३र७४ को फागुन मसान्तसम्मको राजस्वबापतको रकम ६१ करोड २१ लाख २८ हजार रुपैयाँभन्दा बढी हिनामिना भएको पुष्टि भएको थियो ।

यो हिनामिनामा तत्कालीन लेखा अधिकृत सुरेश अधिकारी, लेखापालहरू देवराज नेपाल र रुद्रप्रसाद दाहाल पनि संलग्न भएको अदालतको ठहर थियो ।

यातायात कार्यालय इटहरीमै आर्थिक वर्ष ०६९र७० देखि ०७०र७१ सम्म गरिएको अर्को अनियमितता सम्बन्धमा छुट्टै मुद्दा दायर गरिएको थियो । त्यसमा होमनाथ भट्टराई र विष्णुप्रसाद पौडेल दोषी ठहर भएका थिए । तत्कालीन सहलेखापाल टंकबहादुर खड्कालाई अदालतले लेखा अधिकृत अधिकारीसरह कैद, बिगो र जरिवाना तोकेको थियो ।

# महिला क्रिकेट छनोट खेलमा खडक बिजयी



**दैनिक समाचारदाता राजविराज, १९ मंसिर ।**

पिएम कप महिला राष्ट्रिय क्रिकेट छनोट प्रतियोगिता अन्तर्गत सप्तरी जिल्ला छनोट प्रतियोगिता तथा त्रिकोणात्मक सिरिजमा खडक बिजयी भएका छन ।

मंगलबारको खेलमा खडकले सुरूङ्गालाई २० रनले पराजित गर्दै जित हात पारेको हो । टस जितेर खडकले ब्याटिंङ गर्दै निर्धारित २० ओभरमा २ बिकेटको क्षतिमा १ सय १३ रनको योगफल खडा गरेको थियो ।

जसमा अन्जली चौधरीले ६ चौकाको मदतले सर्वाधिक ३९ बनाउदै अविजित खेलेकी थिईन । यसैगरी रमिता कुमारी मण्डलले १८ रन अविजित र चाँदनी ठाकुर १७ रन जोडेकी थिइन । बलिंङतर्फ सुरूङ्गा सरभाईवलका रमिता चौधरी र संगिता चौधरीले १/१ बिकेट लिएका थिए ।

जवाफमा सुरूङ्गा सरभाईवलले २० ओभरमा ४ बिकेट गुमाएर ९३ रन मात्र बनाउन सक्यो । जसमा निरूता चौधरीले २९ रन र नविता चौधरी १३ रन बाहेक कुनै पनि खेलाडी दोहोरो अंक पार गर्न सकेनन् । बलिङतर्फ खडक कुईनसका मंजु राम, चाँदनी ठाकुर र आरती रामले समान्य १/ १ बिकेट हात पारेका थिए ।

खेलमा उत्कृष्ट प्रदर्शन गरेका खडक कुईनसका अन्जली चौधरी प्लेयर अफ दि म्याच घोषित भएको सप्तरी क्रिकेट संघले जनाएको छ ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*